प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
१७ औं वार्षिकोत्सव






वर्ष-१७ ।। अङ्क : २५२ ।। २०८२ कातिक २६ गते बुधबार (12th Nov 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-


# कुलमानको पार्टीले आयोगमा बुझायो ५१ सदस्यीय सूची



झापा(प्रस) । कुलमान घिसिङको अग्रसरतामा उज्यालो नेपाल पार्टीले केन्द्रीय सदस्यसहितको सूची निर्वाचन आयोगमा बुझाएको छ। उज्यालो नेपाल पार्टीले बुधबार अनुपकुमार उपाध्याय अध्यक्ष रहने गरी ५१ सदस्यीय सूची आयोगमा बुझाएको हो।

बुझाइएको सूचीमा कुलमान घिसिङको नाम भने समेटिएको छैन। स्रोतका अनुसार अन्तरिम सरकारका मन्त्रीसमेत रहेका घिसिङको अग्रसरतामा पार्टी खुले पनि उनी कार्यकारीमा भूमिका देखिने छैनन्।

घिसिङको पार्टीमा प्रा.डा. महेन्द्र सुन्दर लावती, युवा अभियन्ता सागर ढकाल, अभिनेत्री रीमा विश्वकर्मासमेत आबद्ध भएका छन्। त्यस्तै घिसिङको पार्टीमा डा. ताराप्रसाद जोशी, डा. घनश्याम पाण्डे, डा. शंकर ढकाल, डा. तेजनारायण यादव, मन्त्री बन्न रोकिएकी टासी ल्हान्जोम, डा. राजु थापा, डा. विशाल भण्डारी, श्री गुरुङलगायत रहेका छन्। पार्टीको केन्द्रीय सदस्यमा झापाबाट ई. निलिमा बस्नेत, अग्निमाया मेचे र इलामबाट महेन्द्रकुमार थापा, डकेन्द्र सिं थेगिम रहेका छन् ।

उज्यालो नेपाल पार्टीका नेता शंकर ढकालले दिएको जानकारी अनुसार ५१ जनाको नामावलीसहितका विवरण आयोगमा दर्ता गरिएको छ ।

कुलमान घिसिङको यो पार्टी गठित भएको हो । तर, घिसिङ मन्त्री पदमा रहेकाले पार्टीको जिम्मेवारीमा छैनन् । उनले मन्त्री पद छोडेपछि उज्यालो नेपालको अध्यक्ष पद लिने बताइएको छ ।

यो पार्टीमा टासी ल्हाजोमको नाम पनि रहेको छ । उनले आफ्नो नाम कसरी यो सूचीमा पऱ्यो भन्नेबारे अचम्म परेको बताइन् । 'मेरो नाम हटाउन भनिसकेको छु,' उनले भनिन् । यो पार्टीको चुनाव चिह्न बलिरहेको बिजुलीको चिम रहेको छ ।

उज्यालो नेपाल पार्टीको केन्द्रीय सदस्यमा निर्देश सिलवालले राजनीतिमा आउने नयाँ दलहरू एक भएर जाने योजना भएको बताए । उनले भने, 'सुमना श्रेष्ठ, बालेन्द्र शाहजीहरूलगायत पनि मिलेर जाने भनिएको थियो । तर अन्तिम समयमा कुरा मिलेन ।'

निर्वाचन आयोगमा गत २७ साउनमा 'उज्यालो नेपाल' पार्टी दर्ताका लागि निवेदन परेको थियो । यो पार्टीको चुनाव चिह्न 'बलिरहेको बिजुलीको चिम' प्रस्तावित छ । ज्ञानबहादुर तामाङले यो पार्टी दर्ताका लागि आयोगमा निवेदन दिएका थिए । उक्त दल दर्ताको प्रक्रियामै छ ।

# दुईवटा मोटरसाइकल जुध्दा एकजनाको मृत्यु

झापा(प्रस) । झापाको कन्काई नगरपालिकामा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा एकजनाको मृत्यु भएको छ ।



सोमवार राति ९:१० बजे कन्काई नगरपालिका- ३ नयाँ बस्तीस्थित भित्री सडकखण्डमा सुरुङ्गा पुलबाट टप्पुचोकतर्फ जाँदै गरेको प्र.१-०२-०५८प५०६३ न.को मोटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको प्र.१-०१-०१५प४२१०न.को मोटरसाइकल एकआपसमा ठक्कर खाएका थिए । दुर्घटनामा ५०६३न.को मोटरसाइकल चालक कन्काई ३ बस्ने ३३ वर्षीय दिपक सिटौला गंभीर घाइते भएका थिए ।टाउकोमा चोट लागेर घाइते सिटौलालाई बीएण्डसी अस्पताल बिर्तामोड पठाईएकोमा डाक्टरले चेकजाँच गर्दा बाटैमा मृत्यु भइसकेको थियो । दुबै मोटरसाइकल .र ४२१०न.को मोटरसाइकल चालक कन्काई ६बस्ने २३ वर्षीय नितेश बस्नेतलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

आवश्यक कानुनी प्रक्रियापश्चात् शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जेनजी आन्दोलनमा भागेका एक थुनुवा पक्राउ

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट फरार भएका एकजना थुनुवा पक्राउ परेका छन् ।



सोमवार राति ८:१० बजे बिर्तामोड ६ बस्ने २८ वर्षीय अनुमेश गिरीलाई उनको घरबाटै पक्राउ गरिएको हो । गत साउन १७ गते लागूऔषधसहित उनी पक्राउ परी इलाका प्रहरी कार्यालय कार्यालय बिर्तामोडमा राखिएका थिए । जेनजी आन्दोलनका क्रममा अरुसंगै गिरी पनि फरार भएका थिए ।

जेनजी आन्दोलनका क्रममा बिर्तामोड र दमक प्रहरीको हिरासतबाट ९२ जना थुनुवा फरार भएका थिए । तीमध्ये पाँच जना मात्र अहिलेसम्म पक्राउ परेका छन् ।

# फाल्गुनन्दको एक सय ४१ औं जन्मजयन्ती मनाइयो

झापा(प्रस)। नेपालका १६ औं विभूति तथा समाज सुधारक फाल्गुनन्द लिङदेनको एक सय ४१ औं जन्मजयन्ती पाँचथरमा विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ ।

फाल्गुनन्दको समाधि रहेको शिलौती, उनको तपोभूमि लब्रेकुटी, तुम्बेवा याङवरक र फालेलुङको संगमस्थल चरिभञ्ज्याङ, फिदिम ४ को सुम्हात्लुङ गढी र याङनामसहितका स्थानमा विभिन्न कार्यक्रम गर्दै उनको जन्मजयन्ती मनाइएको हो।

लब्रेकुटीमा आयोजित कार्यक्रममा फिदिम नगरपालिकाका मेयर मित्रप्रसाद काफ्लेले सम्बोधन गरेका थिए । फाल्गुनन्दले पाँचथरको लब्रेकुटीमा १६ वर्ष बिताएका थिए । लब्रेकुटीमा उनको दुर्लभ कपाल, १९८८ सालको तान्त्रिक युद्धमा चर्केको थाल र उनी सुतेको खाट सुरक्षित साथ राखिएको छ। फाल्गुनन्द जयन्तीको अवसर पारेर ती वस्तु प्रदर्शन गरिएको थियो । उनको निधन २००५ साल चैत २२ गते भएको थियो। उनलाई नेपाल सरकारले २०६६ साल मंसिर १६ गते राष्ट्रिय विभूति घोषणा गरेको हो।

## जेनजी आन्दोलनमा विध्वंस

# प्रहरी कार्यालयमा आक्रमण गर्ने १३ जना पक्राउ

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा झापाका प्रहरी कार्यालयहरुमा आक्रमण गर्ने १३ जना पक्राउ परेका छन् ।



भदौ २४ गते जेनजी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोड, इलाका प्रहरी कार्यालय दमक र इलाका प्रहरी कार्यालय सुरुङ्गाको कार्यालय भवन, सवारी साधन लगायत सरकारी संरचनामा तोडफोड र आगजनी भएको थियो । त्योसंगै लुटपाट र प्रहरी कर्मचारीमाथि सांघातिक आक्रमणसमेत भएको थियो । सीसीटिभी फुटेज, भिडियो, फोटो र देख्ने साक्षी लगायतको अध्ययन बिश्लेषणबाट पहिचान गरी उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । पक्राउ पर्नेहरुमा इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्ने ९ जना र इलाका प्रहरी कार्यालय दमकमा आक्रमण गर्ने ४ जना रहेका छन् । उनीहरुलाई नियन्त्रणमा लिई झापा जिल्ला अदालतबाट म्याद लिई अनुसन्धान भइरहेको डीएसपी खड्काले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्दा पक्राउ पर्नेहरुमा बिर्तामोड- ५ बस्ने ४५ वर्षीय नवराज राई, सोही ठाउँका २२ वर्षीय राजन चौधरी, २० वर्षीय आयुस धिमाल, कन्काई -१का ४२ वर्षीय गोपाल संग्रौला,कन्काई ३ का २५ वर्षीय बिष्णु बि.क.,शिवसताक्षी १० का २५ वर्षीय कुशल तिम्सिना, सोही ठाउँका ३१ वर्षीय संजय बस्नेत, बिर्तामोड ५ की २४ वर्षीया पुजा मगर , अर्जुनधारा ७ का २८ वर्षीय सुरज राई रहेका छन् । त्यस्तै इलाका प्रहरी कार्यालय दमकमा आक्रमण गर्दा पक्राउ पर्नेहरुमा दमक ३ बस्ने १९ वर्षीय रियाज सिलवाल,इलाम चुलाचुली ३ बस्ने २२ वर्षीय नकुल अधिकारी , पाँचथर मिक्लाजुङ -५ घर भई हाल दमक -१ बस्ने २२ वर्षीय साजन लुहागुन र दमक ७ बस्ने २४ वर्षीय लोमश कटुवाल रहेका छन् । उनीहरुमाथि ज्यान मार्ने उद्योग र आपराधिक उपद्रव कसुरमा अनुसन्धान भइरहेको खड्काले जानकारी दिएका छन् ।

# स्टुडेन्ट अफ द ईयर बिर्तामोडबाट सुरू हुँदै

बिर्तामोड(प्रस) । १३ वर्षदेखि २१ वर्षसम्म उमेर समूहका विद्यार्थीभित्र रहेको प्रतिभा प्रष्फुटन गराउने साझामञ्चको रूपमा नेपालकै बहुप्रतिष्ठित रियालिटी शो झापाको बिर्तामोडबाट सुरू हुने भएको छ ।



'स्टुडेन्ट अफ द ईयर' नाम दिइएको बहुप्रतिभा प्रदर्शनको एक मात्र प्रतिष्ठित डबलीका रूपमा सुरू हुन लागेको शोको प्रथम अडिसन झापाको बिर्तामोडमा ६ मंसिरमा हुने भएको हो ।

नेपालकै सबैभन्दा ठूलो र प्रतिष्ठित स्टुडेन्ट ट्यालेन्ट हन्ट रहेको स्टुडेन्ट अफ द ईयरका क्रिएटिभ हेड ईमरान अलीले जानकारी दिए । उनले देशभरिका १३ वर्षदेखि २१ वर्षसम्मका बिद्यार्थीहरूको सहभागिता रहने बताउँदै झापाको बिर्तामोडसहित देशभरका ११ वटा शहरमा अडिसन हुने जानकारी दिए ।

उनले स्टुडेन्ट अफ द ईयरमा भाग लिन बिद्यार्थीहरुले रजिष्ट्रेसन शुल्क नौ सय उनानसय रूपैयाँ वुझाउनु पर्ने त्यसपछि फाइनलसम्म कुनै पनि शुल्क नलाग्ने समेत प्रष्ट पारेका छन् । बिर्तामोडमा मंसिर ६ गते नेपालकै पहिलो अडिसन हुने अलीको भनाई छ । मंसिर ५ गते ट्रफी टुर गरिने समेत उनको भनाइ छ ।

स्टुडेन्ट अफ द ईयरका बिजेताले नगद ५ लाख, ५ लाख मूल्य बराबरको छात्रवृत्तिसहित बिभिन्न गिफ्ट ह्याम्पर प्राप्त गर्ने छन् ।

स्टुडेन्ट अफ द ईयरकी कार्यक्रम सञ्चालिका इभा गिरीले बिद्यार्थीभित्र लुकेर रहेको प्रतिभा प्रष्फुटन गर्ने उद्देश्यले स्टुडेन्ट अफ द ईयरको आयोजना गरेको बताइन् । सहजै प्रतिभा पस्कन सकिने मूल थलोका रूपमा सो रियालिटी सो आउने बताउँदै गिरीले मापदण्डभित्र पर्नेले भाग लिन नडराइ आउन आग्रह समेत गरिन् ।

कार्यक्रममा स्टुडेन्ट अफ द ईयरका निर्णायक युवा बैज्ञानिक आरिफ अलीले स्टुडेन्ट अफ द ईयरबाट विद्यार्थीले आफूभित्र रहेको प्रतिभालाई निखार्ने मौका पाउने बताए । उनले स्टुडेन्ट अफ द ईयरबाट बिद्यार्थीले आफूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म चिनाउन पाउने जनाउँदै आफूसंग लुकेको प्रतिभा प्रष्फुटन गर्न यो शोभित्र आउन सवैलाई आग्रह समेत गरेका थिए ।

स्टुडेन्ट अफ द ईयरका प्रोड्युसर दिव्य सापकोटाले बिद्यार्थीले आफ्नो प्रतिभा देखाउने सजिलो प्लेटफर्म भएको बताउँदै सदुपयोग गर्ने अवसर गुमाउनु नहुने जानकारी दिए ।

स्टुडेन्ट अफ द ईयरका कार्यक्रम संयोजक अश्विन तिम्सिनाले स्टुडेन्ट अफ द ईयरमा बिद्यार्थीले आफूमा भएका सबै प्रतिभा प्रस्फुटन गर्ने भएकाले यस कार्यक्रममा भाग लिन सबैलाई आग्रह गरे । उनले विभेद र अन्याय नहुने कार्यक्रमबाट नेपाली युवायुवतीले संसारमा चिनिने मौका निर्माण हुने समेत दावी गरेका छन् । युवा वैज्ञानिक तथा इञ्जिनियर आरिफ अलीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन आरोग्य तिम्सिनाले गरेका थिए ।



# एमालेद्वारा मोटरसाइकल ¥यालीलाई निरन्तरता



झापा(प्रस) । नेकपा एमालेको केन्द्रीय कार्यक्रमअन्तर्गत झापाका अधिकांश पालिकाहरुमा मंगलवार एमालेले मोटरसाइकल ¥याली निकालेको छ । विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै एमालेले विरोध कार्यक्रम गर्दै आएको हो ।

झापाको मेचीनगर, भद्रपुर, कनकाई, शिवसताक्षी, गौरादह नगरपालिका र झापा, गौरीगञ्ज, कमल गाउँपालिकाले मोटरसाइकल ¥याली गरेको एमाले झापाका सचिव तुलसी कार्कीले जानकारी दिए । हल्दिवारीमा नेकपा एमालेले कृषिमा भएको क्षतिको राहत माग्दै कोणसभा गरेको छ भने बुद्धशान्ति गाउँपालिकाले प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको सचिव कार्कीले जानकारी दिए ।

यसअघि बिर्तामोड, दमक, अर्जुनधारा, कचनकवल गाउँपालिकाले मोटरसाइकल ¥याली गरेका थिए । बाह्रदशी गाउँपालिकाले आगामी मंसिर १ गते क्षेत्र स्तरीय जनवादी सांस्कृतिक कार्यक्रम आयोजना गर्दैछ । जिल्लाका सबै पालिकाहरुमा शक्ति प्रदर्शन गरेको एमालेले कात्तिक २९ गते जिल्लास्तरीय जनजागरणसभा बिर्तामोडमा आयोजना गर्दैछ । जेनजी आन्दोलनका क्रममा आगलागी र तोडफोड लगायत आपराधिक काममा सक्रिय व्यक्तिहरुलाई यथासक्य कानुनी कारबाहीको माग गरिएको छ । नागरिकको सुरक्षामा जोखिम भएको जनाउँदै एमालेले सरकारसँग सुरक्षा प्रवन्ध मिलाउन प्रदर्शनका क्रममा अपिल समेत गरेको छ ।

कार्यक्रममा स्थानीय नेताहरुले सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा नेताहरुले जिल्लामा एमालेले आम नागरिकलाई उत्साहित बनाएको बताएका छन् । एमाले नेता कार्यकर्ताहरुमा समेत जिल्लामा भएका कार्यक्रमले थप सक्रिय हुन प्रोत्साहन मिलेको प्रतिक्रिया दिएका छन् ।

एमाले झापाले कात्तिक २९ गते जिल्लास्तरीय प्रदर्शन गर्ने भएको छ । संसद् पुनःस्थापना, संविधानको रक्षा र असंवैधानिक सरकार खारेजीको माग गर्दै प्रदर्शन गर्न लागिएको एमाले झापाका अध्यक्ष प्रेमबहादुर गिरीले जानकारी दिए ।

जेनजी आन्दोलनका क्रममा संलग्न आपराधिक र अराजक गतिविधिमा संलग्नहरुलाई कारबाहीका लागि दवाव दिन समेत जिल्लास्तरीय जनजागरणसभा आयोजना गरिएको उनको भनाई छ । बिर्तामोडमा आयोजना गरिने जनजागरण सभाको आवश्यक तयारी भइरहेको गिरीले जानकारी दिए । वडा, टोलदेखि पालिकासम्मबाट सहभागिता जुटाउन संगठन परिचालन गरिएको जनाइएको छ । जागरण सभामा २० हजार एमालेका नेता कार्यकर्ता, शुभचिन्तकहरुको सहभागिता रहने उनको दावी छ ।

# साइकल यात्रामा सशस्त्र प्रहरी नायव उपरीक्षक उप्रेती

• लक्ष्मी उप्रेती

मेचीनगर(प्रस) ।सीमाक्षेत्रको भौगोलिक अवस्था, दुवै देशका नागरिकहरुको सम्बन्धलगायतका विषयमा अध्ययन अवलोकन लागि सशस्त्र प्रहरी नायव उपरीक्षक युकेश उप्रेतीले मेची-महाकाली साइकल यात्रा शुरु गरेका छन् । सीमाक्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि रोक्न र दुई देशबीचको भाइचाराको सम्बन्धलाई प्रगाढ बनाउन यस्तो खालको यात्राले सघाउ पुग्ने विश्वास गरिएको छ ।



भारतको पश्चिम बंगाल राज्यको पानीट्याँकीस्थित रानीगञ्ज नाकासँग सीमा जोडिएको नेपालको सुदूरपूर्वको झापाको मेचीबाट सोमबारदेखि शुरु आफ्नो यात्रा चालिस दिनपछि छिमेकी मुलुक भारतसँग सीमा जोडिएको पश्चिमी सीमानाका कञ्चनपुरको गड्डाचौकीमा पुगेर विश्राम हुने साइकल यात्री सशस्त्र प्रहरी नायव उपरीक्षक उप्रेतीले बताए ।

सीमाक्षेत्रमा रहेका सशस्त्र प्रहरी नेपालका वोर्डर आउट पोष्ट (वीओपी), त्यहाँ कार्यरत प्रहरीहरुको दैनिकी,स्वदेशी एवम् विदेशी नागरिकहरुसँगको सम्बन्ध, दुई देशका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, साँस्कृतिक, शैक्षिक तथा औद्योगिक क्षेत्रलगायतका विषयमा उनले भ्रमणका क्रममा जानकारी लिने छन् । सुदूरपूर्वको मेचीदेखि पश्चिम कञ्चनपुरको गड्डाचौकीसम्म दुईसय १९ वटा वोर्डर आउट पोष्ट (वीओपी) रहेका छन् ।

सशस्त्र प्रहरी प्रधान कार्यालय काठमाडौंमा कार्यरत सशस्त्र प्रहरी नायव उपरीक्षक उप्रेती सीमा सुशासनका विषयमा विद्यावारिधीको तयारीमा छन् । यसैलाई मद्धत पुग्ने भएकाले पनि उनले यो यात्रा शुरु गरेका हुन् ।

झापाको मेचीबाट शुरु उनको साइकल यात्राको प्रमुख अतिथि मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले उद्घाटन गरेका थिए ।सीमा सुशासनका विषयमा विद्यावारिधी गर्दैगर्दा सशस्त्र प्रहरी नायव उपरीक्षक उप्रेतीले गरेको यो कार्यको महत्व र प्रभावकारिता छुट्टै खालको हुने विश्वास व्यक्त गर्दै यात्रा सफलताको शुभकामना व्यक्त गरे ।

ज्ञयात्रा प्रारम्भ कार्यक्रममा प्रमुख अतिथि प्रमुख भन्सार अधिकृत पौडेलसहित इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक राजन लामा, सशस्त्र प्रहरी बल, प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टाका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक रामचन्द्र थापा, मेचीनगर नगरपालिकाका जनप्रतिनिधिहरु, विभिन्न राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख प्रतिनिधिहरु, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, भारतीय सुरक्षा अधिकारी र स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो ।

# क्यान महासंघ झापाको साधारण सभा सम्पन्न

झापा(प्रस) । कम्प्युटर एशोसिएसन नेपाल (क्यान) महासंघ झापा जिल्ला शाखाको ११औं वार्षिक साधारण सभा मंगलवार बिर्तामोडमा सम्पन्न भएको छ ।

शाखा अध्यक्ष शुभ कुमाई पाठकको अध्यक्षता तथा क्यान महासंघका केन्द्रीय सचिव ठाकुरकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा जिल्ला शाखाको वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभामा क्यान महासंघ झापा जिल्ला शाखाका सचिव खगेन्द्र मिश्रले यो समिति निर्वाचित भएदेखि सञ्चालन गरिएका काम तथा उपलब्धीहरु समेटेर प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले गत वर्ष मंसिर १७ गते निर्वाचित भई कार्यभार सम्हालेपछि क्यान महासंघ झापाले राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाएको, सडक दुर्घटनासम्बन्धी ट्राफिक सचेतना प्रदान गरिएको, स्वीस दूतावासको प्रतिनिधिसँग छलफल गरी परियोजना सञ्चालनको वातावरण बनाइएको, प्रथम आईटी र प्रयास प्रारम्भसँगको सहकार्यमा हेल्भेटासले प्रदान गरेको सीप अभिवृद्धि तालिममा ४० जनालाई सहभागी गराइएको सुनाए । यस्तै गत आर्थिक वर्षको सूचना प्रविधि दिवसमा सूचना प्रविधिको विकास



र प्रयोग सम्बन्धमा विज्ञहरुसहित क्यान पदाधिकारीबीच अन्तरक्रिया गरी सामाजिक सञ्जालबाट प्रवाह गरिएको, कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय, हेल्भेटास नेपाल र क्यानका पदाधिकारीहरुबीच १४ वटा शिक्षालयहरुको भेटघाट कार्यक्रम गरिएको आदि कार्यक्रमहरु सम्पन्न गरिएको सचिवको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, कोषाध्यक्ष जेनिशा पोखरेलले आर्थिक वर्ष २०८१/८२ मा भएको वित्तीय कारोबारको विवरण प्रस्तुत गरिन् । उनले गत आर्थिक वर्षमा हेल्भेटासको इन्स्योर परियोजनाले तालिम गर्ने अवसर प्रदान गरी थोरै रकम बचत गर्न सकेको सुनाइन् । प्रस्तुत प्रतिवेदन अनुसार गत आर्थिक वर्षमा क्यान महासंघ झापाले १ लाख ८७ हजार ६१० रुपैयाँ आम्दानी गरी १ लाख ४३ हजार ४२० रुपैयाँ खर्च गरेको थियो ।

साधारण सभाको बन्दसत्रले उक्त दुवै प्रतिवेदनलाई सर्वसम्मत पारित गरेको छ । सो साधारण सभामा प्रमुख अतिथि क्यान महासंघका केन्द्रीय सचिव ठाकुरकुमार श्रेष्ठ, पूर्व केन्द्रीय सचिव भुपेन्द्र मैनाली, पूर्व केन्द्रीय सदस्य तथा झापा शाखाका संस्थापक अध्यक्ष दिपेश पाठक, झापा शाखाका निवर्तमान अध्यक्ष तथा कोशी प्रदेशका सचिव कृष्ण घिमिरे र इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीले क्यान महासंघको स्थापना, यसको कार्यक्षेत्र, सदस्यताको गुणस्तरीयता एवम् वर्तमान कार्यसमितिले गर्न सक्ने कामहरुका सम्बन्धमा सुझावसहित आफ्नो मन्तब्य राखेका थिए ।

सचिव खगेन्द्र मिश्रले सञ्चालन गरेको साधारण सभामा आमन्त्रित अतिथि तथा सहभागीहरुलाई उपाध्यक्ष लोकप्रिय खनालले स्वागत गरेका थिए भने अध्यक्ष शुभ कुमाई पाठकले क्यान महासंघ झापा शाखालाई अझ मजवुत बनाउन के कस्ता योजनाहरु कार्यान्वयन गर्न सकिन्छ भनी सदस्यहरु एवम् अतिथिहरुबाट सुझाव मागेकी थिइन् । उनले क्यान महासंघ झापाको सचिवालय यसै साताबाट औपचारि करुपले सञ्चालनमा ल्याउने पनि प्रतिवद्धता जनाएकी छन् ।

साधारण सभामा विभिन्न प्रशिक्षार्थी विद्यार्थीहरुलाई क्यानको तर्फबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।


## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड, झापा

शेयरधनी सदस्यहरुमा

## ९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रकाशित मिति– २०८२/०७/२६

आदरणीय शेयरधनी महानुभावहरू,

उपरोक्त सम्बन्धमा यस नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड झापाको मिति २०८२/०७/ २२ गते शनिवार बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको ९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल हुने गरी बस्ने भएको हुँदा यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**

सभा हुने मिति : २०८२/०८/२९ गते, सोमबार

समय :बिहान ११:०० बजेदेखि

स्थान :सालवारी, अर्जुनधारा - ११

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूले प्रस्तुत गर्ने प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. संस्थाको आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.व. २०८१/०८२ को लेखासमितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. चालु आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. उपयुक्त संस्थासंग मर्ज (एकीकरण) गर्ने सम्वन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिकामा सहि गरी निर्णय गर्नको लागि संचालक समितिको तर्फबाट ५ जना र शेयर सदस्यको तर्फबाट ६ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
८. विविध ।

नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड, झापा

व्यवस्थापक
सुमित्रा रेग्मी
सञ्चालक समितिको आज्ञाले


# दाहालको नयाँ गीत ‘मेरो साथी’ सार्वजनिक

भद्रपुर(प्रस) । श्रष्टा शालिग्राम दाहालले नयाँ गीत ‘मेरो साथी’ लिएर स्रोतामाझ आएका छन् । लेखकका रूपमा परिचित दाहालले पहिलो पटक गायकका रूपमा स्थापित हुने लक्ष्यका साथ गायिका सन्तोषी चौहानसित मिलेर सो गीत गाएका हुन् ।




पछिल्लो गीतमा आफैं गायक भएर उदाएका दाहाललाई विराटनगर निवासी सन्तोषी चौहानको सुरिलो स्वर अनि अमिसा न्यौपाने र सञ्जय सिवाकोटीको मुख्य भूमिका रहेको दृष्य चित्र सहितको गीत युट्युवमार्फत सार्वजनिक गरेका हुन् । गीतलाई स्रोता दर्शकले अत्यधिक मन पराइरहेका छन् ।

कविता, नाटक र कथाहरूमा लामो समयदेखि कलम चलाइरहेका दाहालले २०८० सालमा दशवटा कथा रहेको “परिचय“नामक कथा संग्रह सार्वजनिक गरेका थिए । जसलाई पाठकले निक्कै रुचाएका थिए । धेरै गीतहरू रचना गरेका दाहालले आफ्ना म्युजिक भिडियोहरूमा पुराना कलाकारको साथमा नयाँ कलाकारलाई अवसर दिँदै आइरहेका छन् ।

नेपालकै होचो भू-भाग कचनकवलको घेरावारीमा जन्मेका दाहाल लामो समयदेखि शिक्षण पेशामा आबद्ध छन् । झापा सदरमुकाम चन्द्रगढीमा बस्दै आएका दाहालले यसअघि भ्वाइस किड्सका उपविजेताद्वय सुप्रिम मल्ल ठकुरी र अनुजा कडरियाको स्वरमा रहेको “कोपिला“ शीर्षकमा गीत सार्वजनिक गरिसकेका थिए ।

# महेन्द्र–रत्नबाट नाटेलीलाई बिदाई

बिर्तामोड(प्रस) । बिर्तामोडको महेन्द्र-रत्न माध्यमिक विद्यालयको अटिजम स्रोत केन्द्र अन्तर्गत सिकाइ सहजीकरण गर्न अष्ट्रेलियन स्वयंसेवकको रुपमा रहेर काम गरिरहेकी अष्ट्रेलियन प्रशिक्षक नाटेली मोशाकिसको बिदाई गरिएको छ। विद्यालय व्यवस्थापन समितिका



अध्यक्ष हरिचरण सिवाकोटीको प्रमुख आतिथ्यमा भएको एक विशेष कार्यक्रममा उच्च सम्मान साथ उनलाई विदाई गरिएको हो । अटिजमको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका भीम बोहोरा, विद्यालय व्यवस्थापन समितिका सदस्य मनिका माझीलगायतले विदाई सन्देश दिएको कार्यक्रममा स्वागत मन्तव्य शिक्षक इन्दिरादेवी वस्तीले गरेकी थिइन्। स्वयंसेवक प्रशिक्षक नाटेलीले आफूले विद्यालयमा प्रशिक्षण गर्दाका अनुभव र स्रोतहरू संलग्न राखी दुईवटा स्रोत विधि पुस्तिका तयार गरी विद्यालयलाई प्रदान गरेकी थिइन्। कार्यक्रममा अस्ट्रेलियन प्रशिक्षक नाटेलीले नेपालको ग्रामीण क्षेत्रहरूमा अटिजम भएका बालबालिकाका लागि आफूले केही गर्न पाएकोमा गर्व महसुस भएको, आफूले नेपालमा रहँदा बालबालिका, शिक्षक तथा अभिभावकहरूसँग प्रशस्त अन्तरक्रिया तथा अनुसन्धान गर्ने अवसर पाएकोमा प्रसन्नता व्यक्त गरिन्।

शिक्षक गीता भट्टराईले मिठो विदाई गीत प्रस्तुत गरेको उक्त कार्यक्रमको अध्यक्षता गरेका विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेलले अटिजम स्रोत कक्षा सञ्चालन गर्दाका अप्ठ्याराहरू, त्यसका प्राविधिक पक्ष, नाटेलीको योगदान बारेमा चर्चा गरे। विद्यालयको तर्फबाट पुष्पगुच्छा तथा मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको उक्त कार्यक्रममा अस्ट्रेलियन राजदूतावास तथा सहयोगी संघ संस्था र व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गरिएको थियो।

उक्त कार्यक्रमको सञ्चालक समेत रहेका विद्यालयका सहायक प्रधानाध्यापक तुलसीराम खरेलले अटिजम स्रोत कक्षामा संलग्न सहजकर्ता तथा अभिभावकले नाटेलीमार्फत धेरै विधि, ज्ञान र सामग्रीहरू प्राप्त गरेकोले अब बालबालिकाका लागि विविध ढंगले काम गर्न सकिने बताए। सामुदायिक विद्यालयमा अटिजम स्रोत कक्षा सञ्चालन गर्ने महेन्द्ररत्न माध्यमिक विद्यालय त्यस क्षेत्रको एकमात्र विद्यालयको रुपमा रहेको छ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपालबहुउद्देश्यीय सहकारी संस्था लि. (NMC COOP)**

## एनएमसी एग्रो फार्म

मेचीनगर-१४, दुहागढी

## इन्टर्नसिप गर्ने अवसर सम्वन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२।७।२४*

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. द्वारा सञ्चालित एनएमसी एग्रो फार्ममा कृषि तथा पशुपालन विषय अध्ययन गरेका वा सो क्षेत्रमा रुचि राख्ने विद्यार्थी तथा इच्छुक व्यक्तिहरूका लागि इन्टर्नसिपमा काम गर्ने अवसर प्रदान गरिने भएको हुँदा तपसिल बमोजिम योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट खुला प्रतिस्पर्धाका लागि निवेदन आह्वान गरिन्छ ।

- जिम्मेवारी : तालिमी कृषि सहायक
- संख्या : केहि
- भत्ता सुविधा : दैनिक खाजा खर्च वापत रु. ३०० (तीन सय मात्र)
- अन्य सेवा सुविधा : बिहानको खानाको व्यवस्था फार्मको तर्फबाट गरिनेछ
- न्यूनतम शैक्षिक योग्यता : साधारण लेखपढ
- प्राथमिकता : कृषि तथा पशुपालन सम्बन्धी काम गर्न इच्छुक, अनुभवी, स्थानीय
- उमेर : १६ वर्ष पूरा भई ५० वर्ष ननाघेको
- गर्नुपर्ने कामहरु : कृषि तथा पशुपालन सम्वन्धी सम्पुर्ण कार्यहरु
- इन्टर्नसिपको अवधि : ६ महिना (आवश्यकता अनुसार थप हुन सक्नेछ)
- काम गर्नुपर्ने समय : विहान ९ बजे देखी बेलुकी ५ ३० बजेसम्म (दिउँसो खाजा/खानाको ब्रेक सुविधा)

**अन्य बुदाहरु :**

- एनएमसी एग्रो फार्ममा पशुपालन, माछापालन, च्याऊ खेती, नर्सरी, हाँसपालन, तोरी मिल, तरकारी खेती, अन्नबाली, साइलेज उत्पादन लगायतका कार्यहरु गरिन्छ । इन्टर्नसिप गर्नेहरुले यी क्षेत्रको सिप सिक्ने अवसर प्राप्त गर्नेछन ।
- इन्छुक आवेदकले नेपाली नागरिकताको प्रतिलिपि, राष्ट्रिय परिचय पत्र,बायोडाटा सहित एनएमसी एग्रो फार्मको कार्यालय वा इमेल (agrofarmheadoffice@nmc.coop.np) मार्फत निशुल्क आवेदन पेश गर्नु पर्नेछ ।
- निवेदनका साथ हालसालै खिँचेको १ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनु पर्नेछ ।
- इन्टर्नसिप अवधिमा उत्कृष्ट कार्य सम्पादन गर्ने उमेद्धारलाई रोजगारीको अवसर प्रदान गरिनेछ ।
- आवेदन दर्ता गर्ने अन्तिम मिति २०८२ मंसीर ८ गते सोमबार सम्म रहेको छ ।

**थप जानकारीका लागि : ९८५२६८९४१५/९८५२६८९४००**

**-एनएमसी एग्रो फार्म**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# फाल्गुनन्दको योगदान

किरौँत धर्मगुरु तथा समाज सुधारक फाल्गुनन्द लिङ्देनको १ सय ४१ औं जन्मजयन्ती मंगलवार मनाइएको छ। उनका अनुयायीहरुले विशेष पर्वको रुपमा जन्मजयन्तीलाई मनाउने गरेका छन् । जन्मजयन्तीका अवसरमा लिम्बू समुदायको बसोबास रहेका पूर्वी नेपालको पाँचथर,इलामसहित देश विदेशमा समेत धार्मिक तथा साँस्कृतिक कार्यक्रम हुने गरेका छन् । फाल्गुनन्द किरौँत समुदायका धर्मगुरु भए पनि पूर्वी नेपालमा बसोबास गर्ने सबै समुदायले उनलाई समान श्रद्धा र आस्था राख्छन् ।

उनले किरौँत धर्म, दर्शन र संस्कृतिको पुनःजागरणका क्रममा कुम्भकर्ण हिमशृङ्खलालाई किरौँत धर्मावलम्बीको तीर्थभूमि र मुक्तिभूमिका रुपमा पहिचान गराएका थिए । उनले तयार पारेको सत्यधर्म मुचुल्का आज पनि उत्तिकै सान्दर्भिक छ । विक्रम संवत १९८८ मा लिम्बू समुदायका परम्पराभित्रका कुसंस्कारलाई परिवर्तन गर्न उनले तत्कालीन १० लिम्बूवान क्षेत्रका शासक, विद्वान् र धार्मिक–सामाजिक अगुवालाई भेला गराएर सत्यधर्म मुचुल्का तयार पारेका थिए ।

सत्यधर्म मुचुल्कामा छोरीचेलीको विवाह गर्दा सोत–रीत अर्थात पैसा लिन नहुने, भगवानको पूजा गर्दा प्राणीको हत्या गर्न नहुने, मद्यपान र मासु सेवन कम गर्दै लैजाने, मृत्यु संस्कार तीन दिनमा सम्पन्न गर्नेजस्ता समाज सुधारका महत्वपूर्ण सामाजिक, सांस्कृतिक पक्ष समेटिएका छन् । त्यसअघि किरौँत समुदायमा छोरीको विवाहमा सुन, चाँदी, नगद, मासु र रक्सीको माग गर्ने चलन थियो । मुचुल्का तयार भएपछि छोरीलाई विवाहमा मोल नै तोकेर सोत रीत लिने चलन अन्त्य भएको किरौँत समुदायका अगुवा बताउँछन् ।

लिंगका आधारमा हुने विभेद र दमनबाट संस्कृतिलाई अलग राख्नु पर्नेमा मुचुल्काले जोड दिएको छ। मुचुल्काले सबै प्राणीको अस्तित्वलाई सम्मान गर्ने र सबै प्राणीलाई भगवानका सन्तानका रुपमा व्याखा गर्ने प्रयास गरेको छ । यस्तै मुचुल्काले शाकाहारी जीवन पद्धतिमा जोड दिएको छ । यस्तै जाँडरक्सीले सामाजिक र आर्थिक रुपमा नकारात्मक असर पार्ने भएकाले यसको सेवन गर्न नहुने कुरा मुचुल्कामा समावेश छ ।

फाल्गुनन्दले दिएको योगदानको सम्मानस्वरुप नेपाल सरकारले उनलाई २०६६ साल मङ्सिर १६ गते १६ औँ राष्ट्रिय विभूति घोषणा गरेको थियो । फाल्गुनन्दको नाममा हुलाक टिकट पनि प्रकाशित छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नवपुस्ताले चाहेको परिवर्तन



• प्रदिप्नराज पन्त

भदौ २३ र २४ गते नेपालमा जेनजीको सशक्त विरोधले विस्फोटको रूप लियो । आन्दोलन दक्षिण एसियामा नवीन भने थिएन । राजनीतिक विश्लेषकले 'राजनीतिक सुनामी' नाम दिएका जेनजीको आन्दोलन श्रीलङ्का र बङ्गलादेशमा सन् २०२२ देखि नै सुरु भएको थियो । पाँच महिनामा राजापाक्षेको सत्ता जसले श्रीलङ्कामा दशकौँदेखि अनवरत शासन गरेको थियो, समाप्त भयो । सन् २०२२ मा बङ्गलादेशमा १५ वर्षदेखि शासनको बागडोर समालेको शेख हसिनाको सरकार बाहिरियो । नेपालमा दुई दिनको आन्दोलनले इतिहासमै शक्तिशाली भनिएको दुई ठुला दल मिलेर बनेको केपी शर्मा ओली नेतृत्वको सरकार ढल्यो । पाकिस्तानमा मे २०२३ मा र म्यान्मारमा २०२१ मा जेनजीको यस्तै आन्दोलन भएको थियो । सेना र सुरक्षाकर्मीका कारण यो आन्दोलनले सरकार परिवर्तन गर्न त सकेन तर राजनीतिक सुनामीको कहर भने विश्वभर नै फैलियो । नेपालमा त यसले भयावह रूप नै लियो ।

पिँढीगत अन्तर

दक्षिण एसियाको राजनीतिमा पिँढीगत अन्तर छ । नेपाली युवा समूहको समस्या र चुनौतीलाई समाधान गर्न प्रभावकारी सरकारी कारबाहीको अपेक्षा सबै समूहका नागरिकले गरेका थिए । सुशासन र समृद्धिमा सरकारको भूमिकालाई लिएर नेपालमा जेनजीभन्दा अघिका पुस्ताले पनि प्रयास नगरेका होइनन् । हालैका दिनमा जेनजी युवाको समयसापेक्ष चुनौतीलाई समाधान गर्न सरकारको भूमिका निष्क्रिय जस्तो देखिन थालेको महसुस सर्वत्र गर्न थालियो । भाग्यवादको भावना दक्षिणपन्थी, मध्यमार्गी, वामपन्थीलगायत सबै नयाँ पुराना दलमा फैलिएको महसुस हुन थाल्यो । जेनजी फरक समूह हो भन्ने बुझ्न समय लाग्यो ।

भ्रष्टाचार मात्र होइन कृत्रिम बौद्धिकताले ल्याएको चुनौती र देशभित्रकै बढ्दो बेरोजगारीले नेपाली युवाले चरम निराशा महसुस गरेका छन् भन्ने विषयमा सरकार मौन रह्यो । युवा निराशा चिर्न नयाँ कार्यक्रम तर्जुमा त के त्यस विषयमा बहस गर्न पनि कसैको ध्यान गएन । जेनजीको आवश्यकताप्रति सरकार उदासीन रहँदै आएका घटनाक्रमले पुष्टि गरे । सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयले आगोमा घिउ थप्ने काम गर्‍यो । एक समूहका रूपमा जेनजीले पुरानो पिँढीले कल्पनै नगरेका खतरा महसुस गर्न थाले । अत्यधिक आर्थिक असमानता, तीव्र गतिमा भएको सूचना प्रविधिको परिवर्तन र जलवायु परिवर्तनले ल्याएको सङ्कट, जसले नेपालमा मात्र होइन विश्वभर नै राजनीतिक र आर्थिक स्थिरतालाई खलबल्याएको थियो त्यही मुद्दा नेपालमा पनि सतहमा नै छताछुल्ल भयो ।

सरकार अथवा भनौँ पुरानो पिँढीले यो नयाँ समस्या समाधान गर्न समय लगायो या पछि पर्‍यो, परिणाम विगतका चुनावमा ठुला दलको मतमा गिरावट आयो । केही नयाँ दलले आफ्नो अस्तित्व जमाए, जसलाई नयाँ विचार पैदा गर्ने परिस्थिति उत्पन्न भएको हो भनेर बुझ्न ठुला र पुराना दलले सकेनन् ।

राजनीतिसँग साइनो जोड्न नचाहने, ठुला दलले जे गरेका छन् त्यसैमा चित्त बुझाउने कि संघर्ष गरेर देशलाई परिवर्तन गर्ने भन्ने प्रश्न जेनजीले डिस्कर्ड र सामाजिक सञ्जालमा उठाए । सामाजिक सञ्जालमा जेनजी मौलिक रूपले पुरानो पिँढीभन्दा फरक हो भन्ने भाष्य निर्माण भयो, जुन सम्भवतः उचित थियो । सामाजिक सञ्जालमा जेनजीले निर्माण गरेको भाष्यप्रति पुरानो पिँढीका नेतृत्व संवेदनशील हुन सकेन । ठुला दलले समेत पिँढीगत मूल्यका आधारमा राजनीतिक सहभागिता सुनिश्चित गरिनु पर्छ भन्ने बिर्सिए ।

नेपालका जेनजीले जलवायु परिवर्तनले ल्याएको परिवर्तन, कोभिडका बेलामा गरिएको उद्धार र उनीहरू हुर्किएको समयमा पालैपालोमा समयसारिणी अनुसार केही व्यक्तिलाई मात्र प्रधानमन्त्री भएको देखे । असलमा जेनजी प्रविधिप्रेमी छन् र अन्य देशमा भएका घटनामा समेत ऐक्यबद्धता जनाएका छन् भन्ने हेक्का राख्न पुरानो पिँढीलाई समय लाग्यो । देशमा भएको बेरोजगारीको संकट, खाडीमा जान पर्ने बाध्यता र कोभिड महामारीले समेत जेनजीमा गहिरो सांस्कृतिक छाप छोडेको छ भन्ने आत्मसात् गर्न दलले सकेनन् । असलमा जेनजी पुरानो पिँढीको तुलनामा निर्णायक रूपमा उदार छ । उनीहरूको मूल्य अधिक समतावादी छ भन्ने हेक्का नहुँदा त्रासदीपूर्ण घटनाले जन्म लियो ।

नेपालको शासनव्यवस्थाको कमी, धन र शक्तिको असमान वितरण र भ्रष्टाचारबारेमा जेनजीको दृष्टिकोण आलोचनात्मक रहेको थियो । जेनजी विश्वको बदलिँदो मूल्य संरचना, जलवायु परिवर्तन, सार्वभौमिक स्वास्थ्य सेवा, बेरोजगारी समस्याको अन्त र भ्रष्टाचार जस्तो मुद्दामा अधिक संवेदनशील बन्न पुगे । जेनजी आफ्नो भविष्य र देशको भाग्यलाई लिएर निराशावादी थिए । नेपाली समृद्धिको सपनामा पनि दलका क्रियाकलापले जेनजी निराशावादी भएको नै प्रतीत हुन्छ । जसले गर्दा युवाको वितृष्णा पुराना दलप्रति चरमचुलीमा पुग्यो ।

नेपालका युवाले दलप्रति सम्पूर्ण रूपमा वितृष्णा देखाएको थिए भनेर सम्झनु गलत हुन्छ । जेनजीले पुस्तान्तरणको मुद्दा अघिसारेका हुन् जसलाई अहिलेको राजनीतिक यथास्थितिमा व्यापक असन्तोषको परिणाम हो भनेर बुझ्न जरुरी छ ।

अबको बाटो

मनोवैज्ञानिक अनुसन्धानबाट युवा जुनसुकै विचारधाराका भए पनि उनीहरू सबै पृष्ठभूमिका मानिसप्रति सहिष्णु र खुला विचार भएका समूह हुन् र नीतिगत मुद्दामा ऐक्यबद्धता जनाउँछन् भन्ने प्रमाणित भएको छ । राजनीतिक सीमाभन्दा पर बसेर ठुला दल तथा वर्तमान सरकारले समाजका समस्या हल गर्न अधिक प्रयास गर्न जरुरी छ । युवालाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा, रोजगारी स्वास्थ्य सेवा सम्बोधन गर्न सरकार विफल भयो भने यसले भविष्यमा गम्भीर प्रभाव पार्ने छ ।

विगतका सरकारले युवाको सन्दर्भमा केही गम्भीर त्रुटि गर्दै आएका छन् । प्रत्येक युवाको आफ्नै किसिमको चाहना, प्राथमिकता र आकांक्षा हुन्छ भन्ने विगतका सरकारले बुझ्न चाहेनन् । मनोविज्ञान अनुसार पुरुष व्यक्तिवादी दृष्टिकोणप्रति ज्यादा झुकाव राख्छन् भने महिला समतावादी मूल्यप्रति ज्यादा झुकाव राख्छन् । यो धारणालाई मध्यनजर गरी राजनीतिक व्यवस्थाले उनीहरूको हितको प्रतिनिधित्व गर्छ कि गर्दैन या गरेको छ कि छैन जान्न जरुरी हुन्छ । आर्थिक, सामाजिक र पर्यावरणीय जोखिमका लागि उनीहरूका खास कार्यक्रम छन् कि छैनन् यो महत्वपूर्ण छ । यिनै मूल्यले आगामी सरकारको सफलता असफलतासमेत निर्धारण गर्ने छ । चुनावमा पनि युवाले नै प्रभाव पार्ने निश्चित छ ।

जेनजी अब स्थापित या नयाँ दल जोसुकै हुन् त्यहाँ उनीहरूको प्रतिनिधित्व हुन्छ कि हुँदैन भन्नेमा जिज्ञासु छन् । अहिले विभिन्न वैचारिक समूहमा बाँडिएका जेनजी भए पनि देशका प्रमुख मूल्य र मुद्दामा राजनीतिक दलको तुलनामा एक कदम माथि देखिन्छन् । यस कारण नयाँ पुराना सबै दलले युवालाई समेट्नु जरुरी छ किनभने आगामी केही वर्षमा अहिलेका यिनै युवा प्रमुख चुनावी तागत बन्ने छन् । नीतिगत तहमा समृद्धिका लागि एक जुट हुने सम्भावना अधिक प्रबल छ । यस कारण सबै दलले जेनजी समूहसँग जोडिन र उनीहरूलाई राजनीतिमा प्रेरित गर्न ढिलो गर्न हुँदैन ।

फागुन २१ को चुनावमा नयाँ पुस्तालाई जोड्न सकिएन भने देश अधोगतितिर उन्मुख हुने छ । नयाँ पुस्ताको सही प्रतिनिधित्व भयो भने अहिले अस्तित्वगत खतरा महसुस गरेका दलले पनि भयको भावनाको प्रतिकार गर्न सक्ने छन्, जसले लोकतन्त्रलाई संस्थागत विकास हुने छ ।

# सामाजिक चेतमा धमिरा



• राजेश विद्रोही

पछिल्लो केही दिनदेखि एलिना चौहानको फेसबुक स्टाट्सले सामाजिक सञ्जाल फेरि तातेको छ। अमेरिकामा विभिन्न कार्यक्रम सकाएर नेपाल फर्किएलगत्तै उनले सार्वजनिक गरेको आफ्ना भोगाइलाई सार्वजनिक गरेपछि समाजमा गरिब, दलित, मजदुर, महिला, कलाकार अर्थात् श्रमजीवी वर्गमाथि अझै कतिसम्म सस्तो र हेपाहा व्यवहार हुन्छ भन्ने कुराको पछिल्लो उदाहरण चौहानको अभिव्यक्तिले पुष्टि गरिसकेको छ। आजको प्रविधि, मान्छे र समाजको चेतना स्तरमा के कति विषयमा समानता र असमानता छन् ? यसको सही र गलतरूपमा प्रयोग र प्रयोजन कसरी हुँदैछ ? नयाँ तरिकाले बेलैमा बुझ्न र मनन् गर्न जरुरी छासभ्यता र चेतनाको शिखरमा पुगेको मान्छे आज फेरि किन असभ्यताको खाल्डोमा खस्दैछ ? मानव विकासको हजारौं वर्ष लामो यात्राले धर्म, संस्कृति, परम्परा, विज्ञान, दर्शन, साहित्य, राजनीति र मानवअधिकारका क्षेत्रमा अद्भुत प्रगति गरेको छ। तर विडम्बना के छ भने विज्ञानको शिखरमा पुगेका मान्छेहरू मानसिक रूपमा भने आदिम युगमा फर्किंदैछन्। शरम, लाज, संवेदना र विवेकजस्ता मानवीय मूल्यहरू हराउँदैछन्। अनि एक किसिमको कलियुगी मानसिकता पुनर्जीवित गर्दैछन्।पछिल्लो समय यसका केही जीवित उदाहरणले व्यापकता लिएको छ। कलासाहित्यको क्षेत्रमा एउटा दख्खल स्थापित गरेका मनोज गजुरेलले मीना ढकाललाई छाडेपछि समाजले अनेक शब्दमा गाली गर्‍यो। विष्णु सापकोटाले एलिनालाई छाडेपछि एलिनालाई संस्कारविहीन भनियो। रवि लामिछानेकी पूर्वपत्नी ईशालाई धेरैले निकै तल खसेर गाली गरे। टिकटकका लाइभहरूमा जाने हो भने पूर्वपत्नी साङबुङप्रति भएका टिप्पणीहरू त झन् हृदयविदारक नै छन्। यतिसम्म तल झरेर मानिसहरूको यसरी किन अभिव्यक्ति दिँदै हिँडेका छन् ?

अचम्म त के लाग्छ भने पुरुषले सम्बन्ध तोड्दा ऊ स्वतन्त्र, सक्षम र आत्मनिर्णायक देखिन्छ। तर महिलाले त्यही काम गर्दा ऊ संस्कारविहीन र चरित्रहीन बनाइन्छन्। यो दृष्टिकोणले के देखाउँछ भने हाम्रो समाज अझै पनि नारीलाई अधिकारका आधारमा होइन, शारीरिक दृष्टिबाट मापन गरिन्छ। दलितहरूलाई मानवताको आधारमा होइन, जातको आधारमा दानवको रूपमा व्यवहार गरिन्छन्। मजदुरहरूलाई सम्मान होइन, नोकरको रूपमा व्यवहार गरिन्छ। पुरुषको चरित्रलाई समाजले कहिल्यै प्रश्न गर्दैन। सबै जायज मान्छन्, अझै पनि। तर महिलाको हरेक व्यवहारलाई नापजोख गर्छन्। यही सोच, यही दृष्टि नै कलियुगी मानसिकताको मूल कारण हो। जसले मानवताभित्रै ठूलो खाडल पैदा गरेको छ।

हामीले सती प्रथालाई आज क्रूर परम्परा भनेर निन्दा गर्‍यौं। तर त्यो समयको समाजमा महिलालाई बाँच्न दिने मानसिकता थिएन– पति वियोगमा उसलाई अपवित्र मान्ने सोचले उसको जीवनको अर्थै माथ्र्यो। आज हामी सती प्रथाको विरोध गर्छौं। तर मानसिक रूपमा त्यही अभ्यास गरिरहेका छौं। लोकतन्त्रमा पनि यो कस्तो खालको चिन्तन हो ? पति वा प्रेमीले छाडेकी महिलालाई आज पनि समाजले बाँच्न गाह्रो बनाइदिन्छन्। उसको हरेक फेसबुक स्टाटस, हरेक फोटो, हरेक पोसाकमा टिप्पणी हुन्छन्। केही हदसम्म यो डिजिटल सती प्रथाजस्तै दृष्टिगोचर हुन्छ। जहाँ महिला सामाजिक रूपमा जलाइन्छे। उसको चरित्र, आत्मसम्मान, स्वाभिमान र अस्तित्वलाई जलाइन्छन्। यहाँ सवाल उठ्छ– पुर्खाहरू अनपढ थिए, त्यसैले सती प्रथाजस्ता अमानवीय संस्कार चलेका थिए। तर आज शिक्षित, डिग्रीधारी, आइफोन चलाउने, स्वतन्त्र भन्ने मानिसले त्यही सोच बोकेका छन् भने हामी कहाँको प्रगतिशील भयौं ? हामी कसरी लोकतान्त्रीकरण भयौं ?

इंगल्यान्डमा राजा पनि कानुनको अधीन हुनुपर्छ भनेर सन् १२१५ मा घोषणापत्र नै जारी गरेका थिए। जुन मानव सभ्यताको एउटा क्रान्तिकारी दस्तावेजको रूपमा मानिन्थ्यो। तर नेपालमा २०६२-६३ पछि जनताको सर्वोच्च भनिएको व्यवस्थामा पनि चेतनाको जग कतिसम्म कमजोर छन् हामी भोगिरहेका छौं। हामीले राज्य, शासन, संविधानमा सुधार ल्यायौं। तर मानसिकताको जगमा परिवर्तन ल्याउन सकेको छैन। पुरानैपन झल्किरहेको छ। मोबाइल, इन्टरनेट, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता आधुनिक साधनहरू भएका समाजमा पनि चेतनाको स्तर मानिसलाई नाँगै बनाउनेभन्दा माथि उठ्न सकेको छैन। यतिसम्म फोहोर भइसकेका छन् कि सिधै अश्लीलता नै प्रदर्शन गरिरहेका छन्। यो मानसिकता, असल शिक्षा र चेतनाको होइन, विकृतिको उपज हो। जहाँ शिक्षाको रूपमा कागजको खोस्टा एउटा प्रमाणपत्र छ तर चेत छैन। त्यो समाज र देशको दुर्दशा के हुन्छ ?पछिल्लो समय राजावादी र हिन्दुवादी आन्दोलन चलाइरहेका र बैंक वित्तीय संस्थाको विरुद्ध लागेका दुर्गा प्रसाईंले समेत माडवारी, व्यापारीलगायतका विरुद्धमा छाडा विषवमन गर्न रोकेको छैन। यतिसम्म कि अहिलेका अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीलाई समेत अपशब्द प्रयोग गर्न बाँकी राखेनन्। जुन शब्द सार्वजनिक रूपमा बोल्नु कुनै हालतमा पाच्य होइन। यो एक व्यक्तिको व्यक्तिगत विचार होला तर यस्तो सोच हाम्रो समाजमा व्यापक रूपमा रहेको प्रवृत्तिगत समस्या नै हो।

जब देशका चर्चित मानिसहरू सार्वजनिक रूपमा यस्ता शब्द बोल्छन् र त्यसलाई ताली बजाएर स्वागत गर्ने जनसमूह उभिन्छ, तब त्यो समाजले आफ्नो नैतिक स्तर गुमाउँछ र क्रमशः छाडापनतिर उन्मुख हुन्छ। यस्ता व्यक्तिहरूले महिलाप्रति घृणा र अपमानको भाषा प्रयोग गर्दा त्यो केवल एक व्यक्तिको कुरा रहन्न, त्यो सामाजिक चेतनाको ऐना बन्न पुग्छ। प्रधानमन्त्रीदेखि डाक्टरसम्म नारीको अपमान हुने समाजमा साधारण महिलाले कस्तो व्यवहार पाउलान् ? अनुमान सजिलै गर्न सकिन्छ। सोसल मिडियाले अभिव्यक्तिको स्वतन्त्रता दिएको छ।तर त्यसैसँगै अभिव्यक्तिको विकृति पनि जन्माएको छ।

अब हरेक मानिसलाई न्यायालय चाहिँदैन। उसले फेसबुक वा टिकटकको कमेन्ट सेक्सनमै फैसला गरिदिन्छ। कसैको सम्बन्ध बिग्रियो भने अपशब्दको बाढी नै चल्छ। जो हिजोको अशिक्षित समाजमा समेत थिएन। ती अपशब्दहरू अब केवल गाली होइन, डिजिटल हिंसाका हतियार बन्न पुगेको छ। आजको समाजमा हतियार त बन्दुकमात्रै होइन, कमेन्ट पनि हो। जसले आत्महत्या गर्नसमेत बाध्य पार्छन्। नेपालमा हरेक वर्ष सयौं युवा मानसिक उत्पीडनका कारण डिप्रेसन र आत्महत्यातिर धकेलिन्छन्। तर अपराधीहरूका लागि भने मनोरञ्जनको साधन बनिरहेको छ। यही हो, कलियुगको मनोविज्ञान अनि त्यसबाट उत्पन्न दुर्दशाको दिशा।

मानव सभ्यताको विकासक्रमले मानिसलाई दुई कुरामा महान् बनायो– संवेदना र विवेक। तर आज ती दुवै हराउँदैछन्। विज्ञानले शरीरलाई सहज बनाएको छ। तर आत्मालाई कठोर बनाएको छ। प्रगतिको दौडमा मानिसले माया, करुणा, लाज, श्रद्धा र शान्ति सबै हरायो। कतिपयले आमा, दिदीबहिनी र श्रीमती भन्ने शब्दलाई पवित्र भावनाले होइन, वस्तुको रूपमा हेर्न थालेका छन्। टिकटकका लाइभहरूमा युवाले महिलालाई वस्तु ठानेर अश्लील टिप्पणी गर्नु, सडकमा हिँड्ने केटीलाई हेरिरहनु, सम्बन्धमा विश्वास नगरी केवल शारीरिक दृष्टिले मूल्यांकन गर्नु आदि सबै कलियुगी संकेत हुन्। कलीयुग आउँछ भनेर धर्मशास्त्रले भनेको थिएन। यो मानसिकता आउँछ भनेर चेतावनी दिएका थिए। यो समस्या महिलामा सीमित छैन। जब कुनै समूह, लिंग, धर्म वा जातलाई अपमान गरेर आनन्द लिने बानी बस्छ, त्यो समाजले मानवीयता गुमाउँछ। कसैको पीडालाई हाँसोको विषय बनाउने, कसैको विफलतालाई मनोरञ्जन ठान्ने र अरूको सफलता सहन नसक्ने मानसिकता नै आजको कलियुगी सोच हो।

यो सोचले केवल महिलालाई होइन, पुरुषलाई पनि अन्धकारमा धकेल्दैछ। किनभने जहाँ सम्मान हराउँछ, त्यहाँ प्रेम पनि हराउँछ। अहिलेका युवा पुस्ताले प्रेमलाई 'ट्रायल' र सम्बन्धलाई 'कन्ट्र्याक्ट' ठान्न थालेका छन्। यो भावनाको मोल होइन, व्यापार हो– जहाँ सम्बन्धहरू पनि 'क्लिक र ब्लक'मा सीमित छन्। धर्ममा विश्वास नगर्ने कुरा ठीक हो, किनभने अन्धविश्वास झनै खतरनाक हुन्छ। तर समस्या तब हुन्छ, जब धर्मसँगै नैतिकता पनि हराउँछ। धर्मले सिकाएको छ- स्त्रीको सम्मान गर, अहिंसा अपनाऊ, सत्य बोल, असत्य नगर, आत्मसंयम राख। यी सबै कुरा अब हास्य बन्दै गएको छ। मान्छेले धर्मलाई त्याग्दा उसले आत्मसंयम पनि त्यागेको हुन्छ। अब मान्छे केवल 'इच्छा'मा बाँच्छ, 'विवेक'मा होइन। यही कारण– यौन, पैसा र शक्तिको लोभमा उसले आफूलाई हराइरहेको छ। प्रेमलाई यौनसँग र सम्मानलाई धनसँग साट्छ। यही साटासाटको खेलले समाजलाई यन्त्रजस्तो रमान्छेलाई निष्प्राण बनाइरहेका छन्।

कलियुगी सोचको उपचार केवल कानुनले होइन, चेतनाले हुन्छ। सरकारले अश्लील टिप्पणी रोक्न कानुनी व्यवस्था गर्न सक्छ। तर त्यो केवल डरले काम गर्छ, चेतनाले मात्र सुधार ल्याउँछ। यसका लागि हाम्रो घर विद्यालय, मिडिया र परिवारमै चेतनाको पाठ पढाउनुपर्छ– कि मानव हुनु भनेको शिक्षित हुनुमात्र होइन, संवेदनशील हुनु पनि हो। बच्चालाई मोबाइल दिनुअघि नैतिकता सिकाउनुपर्छ। छोरालाई नारीको शरीर होइन, उसको मस्तिष्क बुझ भनेर सिकाउनुपर्छ। छोरीलाई भय होइन, आत्मसम्मानमा अडिन हिम्मत दिनुपर्छ। यसरी मात्रै हामी कलियुगबाट बाहिर निस्कने बाटो खोज्न सक्छौं।

सभ्यता बाहिर होइन, आजको युगको मानवताभित्रको चेतनामा हुनुपर्छ। कसैले टिकटकमा अश्लील गाली गर्छ भने त्यो उसको अनुशासनको होइन, आत्माको विफलता हो। कसैले महिलालाई अपमान गर्छ, दलित, गरिब, विपन्न र श्रमिकलाई हेला गर्छन् भने त्यो उसको बौद्धिक दरिद्रता हो। समाजले चेतनाको अन्धकार हटाउन सकेन भने हामी कुनै पनि प्रविधिबाट अघि बढे पनि भित्रभित्रै कलियुगमै रहन्छौं। एलिना, मिना, ईशा वा साङबुङहरू पीडित होइनन्, हाम्रो चेतना र समाज पीडित हो। उनीहरू त समाजका ऐना हुन्। उनीहरूले हामीलाई देखाइरहेका छन् कि चेतना कहाँ पुग्दैछ भनेर।

अब प्रश्न यो हो– हामी उनीहरूको प्रतिविम्ब देखेर आत्मसुधार गर्छौं कि त्यो ऐना फुटाइदिन्छौं ? कलियुग कुनै धार्मिक कथा होइन, यो हाम्रो सोचको अवस्था हो। त्यसैले जतिसम्म हामी अरूको पीडा हेरेर हास्छौं, अरूको गल्तीमा आनन्द लिन्छौं र पाउँछौं अनि अरूको अस्मितालाई सस्तो मनोरञ्जनको विषय बनाउँछौं, यतिन्जेल कलियुग हाम्रो वरिपरि होइन– हाम्रो भित्रै हुनेछ।

# जारी-२ को सन्देश: 'च्याब्रुङ नासिए लिम्बू मासिन्छ'

• गुरुङ सुशान्त

उपेन्द्र सुब्बाले साहित्यमा होस् या सिनेमामा, लिम्बू संस्कृतिलाई नै आफ्नो मूल विषय बनाउँदै आएको कुरा पाठक तथा दर्शकलाई अवगत नै छ। उनले आफ्ना रचनामार्फत लिम्बू संस्कृतिलाई कलात्मक शैलीमा चिनाउने काम मात्रै गरेका छैनन्, राज्यसत्ताले आफ्नो संस्कृतिलाई गहिरो गरी नबुझिदिनाले समुदायगत रूपमै अन्याय समेत हुँदै आएको कटु यथार्थलाई कुनै न कुनै रूपमा अभिव्यक्त गर्दै आएका छन्। सुब्बा आफैंमा अब्बल लेखक भएकै कारण उनी निर्देशित सिनेमाको दृश्य-भाषामा भरपुर काव्यिक मिठास हुनु दर्शकका लागि सुखद पक्ष बनेको छ। प्रेमको कोणबाट लिम्बू संस्कृतिअन्तर्गत विवाह संस्कारलाई मुख्य रूपमा उठान गरिएको 'जारी' बाट आफ्नो निर्देशकीय क्षमतालाई पुष्टि गरेका सुब्बाले 'मनसरा' मा पनि प्रेमलाई नै प्राथमिकता दिएका थिए, जसमा लिम्बू संस्कृतिकै महत्वपूर्ण संगीत-संस्कृति पालामको लय थियो। लिम्बू विवाहलाई अरू समुदायमा समेत चिनाउन सफल नवीन सुब्बाकृत 'नुमाफुङ' ले स्थापित गरेको मानकलाई उपेन्द्र सुब्बाको 'जारी' ले पछिल्लो कालखण्डसँग जोडेर झनै फैलाइदियो। र, 'जारी' ले व्यावसायिक सफलता मात्रै हात पारेन, समीक्षकीय प्रशंसा पनि आफ्नो पोल्टामा सुरक्षित राख्यो। आज उठेको दर्शकीय चासो हो- उपेन्द्र सुब्बाले 'जारी' को प्रसिद्धि-ब्याज उठाउन मात्रै 'जारी-२' निर्माण गरेका हुन् कि उनलाई कुनै नयाँ कुरा नै भन्नु छ?

माइती पक्षले जारी बुझाउन नसक्दा पूर्वपति नाम्साङकै घरमा कामदारको रूपमा फर्किएकी हाङ्मालाई केन्द्रमा राखेर 'जारी' को कथा अगाडि बढेको थियो। सन्तान नहुनु र 'नामर्द'-'बाँझी' को आरोप-प्रत्यारोपले प्रेम हुँदाहुँदै पनि हाङ्मा र नाम्साङबीच नोकझोक चल्यो। र, उनीहरूको त्यही मिलन-बिछोडले सिनेमालाई सांस्कृतिक स्वाद दियो। सुखद अन्त्य भइसकेको कथामा फेरि के आइलाग्यो होला भन्ने लाग्नु स्वाभाविकै हो। सिनेमा-शृंखला भन्नु नै अघिल्लो सिनेमाका कथा, विषय र पात्रलाई जोड्नु त हुँदै हो, पुरानाका अपुग भर्दै नयाँ कुरा थप्नु पनि हो। सबैभन्दा महत्वपूर्ण पक्ष- नयाँ फिल्म बनाउनका लागि नयाँ कुरा हुनैपर्छ। यस कुरालाई राम्ररी बोध गरेका सुब्बाले यसपालि कथामा नयाँ स्वाद दिएका छन्। 'जारी-२' लाई 'सङ अफ च्याब्रुङ' भनिएको कारण धेरै दर्शकलाई लाग्न सक्छ कि यो सिनेमा पनि शुद्ध सांस्कृतिक स्वादको छ। संस्कृति र प्रेमलाई आफ्ना विषय बनाएका निर्देशक सुब्बाले एउटा आँट गरेका छन्- उनी यसपालि प्रस्टै राजनीतिक इलाकामा छिरेका छन्। एउटा स्थायी प्रश्न त छँदै छ- संस्कृतिकर्मीले राजनीतिक विषयवस्तुलाई छोपेर भन्ने कि मुखर ढंगले पनि बोल्ने? कला हुनुका साथै सिनेमाको दायित्व पनि त होला! प्रश्न यत्ति होला, अभिव्यक्तिले कलात्मक कौशल बोकेको छ कि ठाडो हस्तक्षेपकारी भाषा? उपेन्द्र सुब्बा जस्ता विषयमा गम्भीर निर्देशकहरूले राजनीतिक विषयलाई आफ्नो सिनेमामा स्थान दिनु नेपाली सिनेजगतका लागि सकारात्मक संकेत हो। तर, 'जारी-२' लाई राजनीतिक जमिनबाट हेर्दा लाग्छ, कला र विचारलाई प्रस्तुत गर्दा निर्देशक सुब्बाले उभिनका लागि भूमध्यरेखा रोजेका छन्।

सिनेमाको शुरूमै मुन्धुम-गायन राखिएकाले दर्शकले लिम्बू-लयबाटै आफूलाई अघि बढाउने अवसर पाउँछन्। लोग्ने-स्वास्नीबीचको सम्बन्धमा देखा परेका उतार-चढावलाई नयाँ शिराबाट शुरू गर्नका लागि सामाजिक रीतभात मिलाउन र सांस्कृतिक माङ्नेना गर्न हाङ्माको माइती पक्षले नाम्साङको घरमा कोसेलीपात लिएर आएको दृश्यमा रमाइलो कुरा यो छ- मुन्धुमबारे कम जानकारी राख्ने, पालाम गाउनमा पनि उति सीप नभएको र च्याब्रुङ बजाउन-नाच्नमा पनि कमजोर मानिने नाम्साङलाई च्याब्रुङ उपहार दिन्छ, सालो बरध्वजले। र, भन्छ- 'आरे हउ ! च्याब्रुङै नाच्न नआउने लिम्बू त नांगो पहाड जस्तो पो हुन्छ हउ। यस्तो रूखो मान्छेसँग मेरो दिदीले कसरी जिन्दगी कटाइखान्छ?' छेडखानी मिश्रित संवाद सामान्य जस्तो लागे पनि यही दृश्यबाट नै कथाले भिन्न सुरताल पक्रिन्छ। झगडा गर्न र च्याब्रुङ नाच्न अघि सर्ने बरध्वजको माध्यमबाट सिनेमाले भनेको छ- 'मान्छेको मनले त नाच्न खोज्छ, गाउन खोज्छ, खुशी खोज्छ र आनन्द खोज्छ।' यस सिनेमाले मान्छेलाई सांस्कृतिक प्राणीकै रूपमा परिभाषित गर्न खोजेको छ। हुन पनि अध्येताहरूले भनेजस्तै मान्छे सांस्कृतिक प्राणी नै हो र हरेक समुदायले आआफ्नै सांस्कृतिक अवयवद्वारा जीवनका घाउहरूको उपचार गर्दै मनशान्ति खोजेको हुन्छ। च्याब्रुङ त्यस्तै सांस्कृतिक ध्वनि हो, जसले लिम्बूहरूका अपूर्णतालाई भर्ने काम गरेको हुन्छ।



च्याब्रुङ हातको पञ्जा र गजाले बजाउने एउटा ताल बाजा मात्रै होइन, प्राचीन लोकनृत्य पनि हो। लिम्बू मिथकमा यस बाजाको विशेष चर्चा पाइने हुनाले मौखिक इतिहासकै डोरी समातेर अघि बढेको यस समुदायमा च्याब्रुङको स्थान महत्वपूर्ण छ। मुन्धुम अनुसार, तिगेन्जोङका छोराहरू नामसामी (मानव) र केसामी (बाघ) बीचको युद्धमा केसामीको मृत्युपछि उसको छालाबाट च्याब्रुङ बनाइएको हो भने अर्को आहान अनुसार प्रथम घरमा लागेको घुन झार्नका लागि च्याब्रुङको निर्माण गरिएको हो। लिम्बूहरू नयाँ घर बनाउँदा, बिहे गर्दा या कुनै महत्वपूर्ण सांस्कृतिक कर्म गर्दा मात्रै होइन, घरमा अपशकुन, प्राकृतिक प्रकोप, अनिष्ट नहोस् भन्ने कामना गर्दा समेत च्याब्रुङलाई नै सहारा बनाउँछन्। उनीहरू मूलखाँबोमा यो बाजा राखे 'भूतप्रेत', प्रकोप, आँखीडाही जस्ता 'अपशकुन' बाट बच्न सकिने विश्वास गर्छन्। यसरी विधि-संस्कार, परम्परागत संस्कृति आदिसँग जोडिएको यो बाजा लिम्बूहरूको जिउने शैली पनि हो। अतः यस बाजालाई रसरङ्गका लागि मात्रै बजाइएको सोच्नु गम्भीर भूल हुनेछ। 'जारी-२' को मूल ध्येय नै हामीले बारम्बार गर्दै आएको गम्भीर भूलप्रति ध्यानाकर्षण गराउनु हो। सिनेमामा नाम्साङलाई बताइएको छ- 'च्याब्रुङ नासियो भने लिम्बू नासिन्छ। च्याब्रुङ भनेको लिम्बूहरूको खुशीको स्वर हो।' तर, यो कुनै एक पात्रलाई बुझाउन ल्याइएको प्रसंग होइन। आफ्नै मातृभूमिभित्रका सांस्कृतिक पहिचानलाई बेवास्ता गर्दै हिंड्ने सम्पूर्ण जनका लागि एउटा गतिलो पाठ हो, यो।

'जारी-२' को उल्लेखनीय पक्ष नै राजनीतिमा प्रत्यक्ष प्रवेश हो। आफ्नैखाले विश्वासपद्धतिमा बाँचिरहेको एउटा आदिवासी समुदायको महत्वपूर्ण संस्कृतिलाई न राज्य पक्षले बुझ्यो, न त माओवादी विद्रोहीले नै। हिजो दश वर्षे युद्धकालमा 'जनवादी नीति' भन्दै रैथाने सांस्कृतिक पक्षहरूमाथि माओवादीबाट आक्रमण भएका थिए भने राज्यका सेना तथा प्रहरीहरूले पनि शान्ति-सुरक्षाको नाममा संस्कृतिका विभिन्न अनुष्ठानमाथि ज्यादती गरेका थिए। यही दोहोरो चेपुवामा परेको लिम्बू बस्तीको कथा नै 'जारी-२' को मुख्य केन्द्रमा रहेको छ, भलै त्यसलाई सहायक कथा जसरी प्रस्तुत गरिएको छ। लोग्ने-स्वास्नी, कुल-कुटुम्ब, दिदी-भाइ, बाउ-छोरी, आमा-छोरी, माइती-ससुराली आदिका सम्बन्धहरू मुख्य रूपमा आए पनि यी सबै कथावली केन्द्रीय कथा बताउने माध्यम मात्रै हुन् भन्ने देखिन्छ। राज्यको सेना र माओवादी लडाकु सम्बन्धी दृश्यहरू देखाइए पनि सिनेमाले कुनै पक्षको समर्थन नगरी द्वन्द्वको चपेटामा परेका आम मानिसको कथा प्रस्तुत गरेको छ। सिनेमामा- 'हुलमुल' मा जीउ जोगाउनुपर्ने उद्देश्यले विदेश जानुपर्ने विकल्पका कुरा छन्, 'क्रान्ति' मा लाग्ने युवाको आशा छ, 'फौदारी' गर्ने, जुवातास खेल्ने र श्रीमती कुट्ने पुरुषलाई माओवादीले 'भाटे' कारबाही गरेको दृश्य छ। यसका साथै एकातिर, दोहोरो भिडन्तको त्रासले अभिघातग्रस्त आम गाउँलेजनको ऐंठन छ, अर्कातिर माओवादी आन्दोलनका कारण सामाजिक हैसियत उठेको दलितको आत्मसम्मान छ। आजको समयविन्दुबाट हिजोको युद्धलाई मूल्यांकन गर्न सकिन्छ र मूल्यांकनका कोणमध्ये 'जारी-२' पनि एउटा कोण हो। यस कोणमाथि पनि प्रतिकोण र समकोण त हुने भइहाल्यो नै। यति मात्रै होइन, सिनेमामा सोझो जनका दैनिक समस्याभित्र खेलेर क्रिस्तानीकरण गर्न उद्यत प्रभु माइला जस्ता पात्रको स्वार्थ उजागर भएको छ। यसले गाउँ-गाउँसम्म फैलिएको धार्मिक तथा सांस्कृतिक अतिक्रमण जालोलाई अनावृत्त गरेको छ।

आफ्नो लोग्नेले अरू युवतीसँग राम्ररी गाउन नजानेको पालामका अर्थहरू फुकाउन सघाउने हाङ्माको प्रेमभित्र लुकेको ईर्ष्याभाव पनि राम्रैसँग देखिन्छ, पर्दामा। लोग्नेसँग सँगसँगै बाझ्ने हाङ्माले लाहुरे भेटियो भन्दैमा जारी बिहे गराउन तम्तयार माइतीसँग कडा प्रतिरोध गरेको दृश्य निकै अर्थपूर्ण देखिन्छ। परिवारमा खासगरी बालबच्चाका लागि आमाको स्थान र भूमिकाबारे विशेष महत्व गाइएको छ। भनिएको छ- 'आमाको काखै फरक, हातै फरक।' यस कथनमा रहेर लामै विमर्श गर्न सकिन्छ। आमा र बच्चाका बीच हुर्किने आत्मीयताबारे सिनेमाका केही दृश्य-विम्ब निकै मार्मिक लाग्छन्। 'मान्छेले त सानो हुन जान्नुपर्छ, निहुरिन पनि सिक्नुपर्छ, बाँस पनि तामा हुँदा आकाश नै छेड्छु भन्छ रे!' जस्ता संवादमा दार्शनिक पुट पोतिएका छन्। अप्ठेरो परिस्थितिका बीच पनि दर्शकलाई मस्त हँसाउन सक्ने निर्देशक सुब्बाको हास्यचेत सिनेमाको बलियो पक्ष हो। हास्यचेतका लागि मंगलसिङ र उसको बा पात्रलाई भरपुर सदुपयोग गरिएको छ।

कलाकार दयाहाङ राईले पहिले जस्तै तारिफयोग्य अभिनय गरेका छन्। उनले चरम आक्रोशदेखि अवसादका क्षणहरूलाई उत्तिकै सशक्त ढंगले अभिनयमा उतारेका छन्। अभिनयमा लामो समय काम गरेका प्रायः कलाकारलाई थाहा भएकै कुरा हो, मसलादार पात्रता भन्दा साधारणजनको स्वाभाविक चरित्र निभाउनु झन् चुनौतीको कुरा हो। पछिल्लो समय खासगरी आदिवासी सिनेमामा दयाहाङले गरेका अभिनय हेर्दा उनी त्यस चुनौतीमा खरो-दरो उत्रिएका छन्। पालाम, च्याब्रुङ र लिम्बू लवजमा उनले गरेको काम तारिफयोग्य छ। आफूसँगको सम्बन्ध सुध्रिनसकेको बेपत्ता लोग्ने खोज्न सानी छोरी घरमा छाडेर माओवादीका पाइला पछ्याउँदै हिंड्ने हाङ्माको पात्रतामा मिरुना मगरको अभिनय बलियो छ। मिरुनाले अहिलेसम्म गरेका अभिनयमध्ये दर्शकले लामो समयसम्म स्मरण गर्ने अग्रणी पात्रमध्ये एक हो, हाङ्मा। खासगरी आदिवासी सांस्कृतिक सिनेमामा मिरुनाले गर्दै आएको अभिनयले उनको कलाकारितालाई एकपछि अर्को उचाइ दिंदै आएको छ। र, 'जारी-२' अर्को ईंटा साबित भएको छ। उनको अभिनय कौशल चिनेर खार्ने श्रेय निर्देशक उपेन्द्र सुब्बालाई जान्छ। प्रेम सुब्बा, विजय बराल, अनिल सुब्बा, पुष्कर गुरुङ जस्ता खारिएका कलाकारहरूको अभिनयले सिनेमालाई बलियो पारेको छ। ऋचा शर्मा, मानहाङ लावती, किरण चाम्लिङ, कमलमणि नेपाल, विष्णु मोक्तानले आआफ्नो भूमिका ठीकठाक गरेका छन्। बरु बुद्धि तामाङको भूमिका चाहिं छोटो लाग्न सक्छ। छोटै भए पनि स्वयं उपेन्द्र सुब्बाले अभिनयमा वास्तविकता दिएका छन्। सिनेमाटोग्राफी कसरमसर रहित त छैन। तर, कथा र भावलाई राम्रैसँग पक्रेको छ। ध्वनि र रङले कथाको मुडमा सघाएका छन्।

आदिवासीकेन्द्रीत सिनेमाको अर्को चुनौती हो- मेलापात, हाट र नाचगान जस्ता प्रसंगमा बस्ती र समुदायलाई नै पात्रतामा उतार्नु। यस चुनौतीलाई निर्देशक सुब्बाले सहजै पार लाएका छन्। दृश्यमा समेटिएका घर, ढोका, झ्याल र भित्ताका रङरोगन तथा बुट्टाहरू हेरेरै पनि सशरीर लिम्बूवानको भूगोल नटेकेका दर्शकले एकसरो अध्ययन गर्ने अवसर पाउँछन्। दर्शकको आफ्नो स्वाद अनुसार कसैलाई 'फर्स्ट हाफ' मन पर्न सक्छ, त कसैलाई 'सेकेन्ड हाफ'। किनकि, शुरूमा खित्का छाड्दै हाँस्ने दर्शक पछि हाङ्मासँगै गाउँ-गाउँ चहार्दा सुस्केरा हाल्न सक्छन्। परम्परागत द्वन्द्वविधान खोज्ने दर्शकले फरक अनुभव गर्न सक्छन् किनकि कतिपय द्वन्द्व अप्रत्याशित पनि लाग्छन्। कतिपय दृश्य हेर्दा लाग्छ, पटकथामा रन्दा लगाइदिनु जाती हुन्थ्यो।

भनिन्छ- राम्रो सिनेमामा त्यस्तो कलात्मकता र सुन्दर प्राविधिक संयोजन हुन्छ, जसले दृश्य-भाषालाई प्रभावशाली बनाओस् र दर्शकलाई भावनात्मक तथा बौद्धिक रूपमा बाँधेर राखोस्। आकर्षक पटकथा, दमदार अभिनय, कुशल निर्देशन, गुणस्तरीय दृश्य-ध्वनि र चुस्त सम्पादनले नै सिनेमालाई आद्योपान्त कसिलो बनाउँछ। कसिलो सिनेमाले मात्रै दर्शकको ध्यान बाहिर बरालिन दिंदैन। त्यति मात्रै होइन, शक्तिशाली सिनेमाले उपस्थित दृश्यकै माध्यमबाट पनि अव्यक्त अर्थहरू दिन सक्छ। तर, जब मनोरञ्जनको परिधिलाई नाघेर एउटा सिनेमाले दर्शकलाई सोच्न बाध्य पार्छ, भावना अझ गहिरो बनाउँछ र दृष्टिकोणमा नै परिवर्तन ल्याइदिन्छ, तब त्यस सिनेमाले 'महानता'तर्फ आफ्नो यात्रा बढाउँछ। 'जारी-२' लाई महानताको पगरी गुथाउन लागियो भने आफैंभित्रको दर्शकलाई सीधासीधा ढाँटेको ठहरिनेछ। तर, बहुसंस्कृतिलाई गहिरो गरी बुझ्ने सन्दर्भमा हामीले गरेको बेवास्ताप्रति भने यस सिनेमाले घोरिन बाध्य पार्छ नै। कुनै समुदायका मानिसहरू दुःखको थालमा पनि ठट्यौली मुछिरहेका छन् भने बुझ्नुपर्छ कि त्यो ठट्टा होइन, दर्शन हो। हाम्रो मुलुकमा परस्पर बुझ्नुपर्ने र सिक्नुपर्ने समुदाय र संस्कृति छन्, बुझौं। लाग्छ, निर्देशक सुबाले 'जारी-२' को माध्यमबाट भन्न खोजेको जम्माजम्मी यत्ति हो। सिनेमालाई अझै कसिलो बनाउन सकिएको भए भन्न खोजिएको कुरा झन् टड्कारो सुनिन्थ्यो।

समग्रमा लिम्बूवानको सांस्कृतिक लयमा देशको बदलिंदो राजनीतिक घटनाक्रमले पारेको गहिरो असरलाई उपेन्द्र सुब्बाले 'जारी-२' मा स्वादिलोसँग अभिव्यक्त गरेका छन्। आफ्नै माटोको सुगन्ध नचिन्ने राजनीतिक दर्शन र सांस्कृतिक संवेदना छाम्न नसक्ने राज्यसत्ताले कस्तो सामाजिक दुर्घटना निम्त्याउँछन् भन्ने बोध गर्न पनि 'जारी-२' हेर्नुपर्ने हुन्छ। राजनीतिमा नवयुवाको चासो र सक्रियता बढिरहेको पछिल्लो परिवेशमा यस्ता सिनेमालाई बहुसांस्कृतिक नेपाली समाजको मिहिन पक्ष बुझ्ने बलियो सन्दर्भ-सामग्रीका रूपमा हेर्न सकिन्छ।

## "इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा"

झापा(प्रस) ।ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले नेपालमा नयाँ क्याम्पेन "इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा" सुरु गरेको छ। यो क्याम्पेनले कम्पनीको केन्द्रीय मूल्य मान्यताहरु स्वतन्त्रता, निष्पक्षता, र पारदर्शितालाई उजागर गर्छ ।

इनड्राइभको यो अभियानले यसको पियर-टु-पियर (एद्दए) मोडललाई आत्मसात गर्दछ, जसले यसलाई विश्वकै सबैभन्दा पारदर्शी राइड-हेलिङ प्लेटफर्मको रूपमा चिनाउँछ। अरु प्लेटफर्महरू




भन्दा भिन्न रहेर इनड्राइभले यात्रु र चालक दुवैलाई समान सशक्तिकरण प्रदान गर्दै आपसी सहमतिमा भाडा तय गर्ने स्वतन्त्रता प्रदान गर्दछ । यस मोडलअन्तर्गत यात्रुहरुले आफ्नै भाडा प्रस्ताव गर्न सक्नुको साथै सवारीको मोडल, चालकको रेटिङ, र आउन लाग्ने समयका आधारमा उपलब्ध प्रस्तावहरूमध्ये रोजेर राइड लिन सक्छन् ।यसले दुवै पक्षका लागि पूर्ण पारदर्शिता र नियन्त्रण सुनिश्चित गर्छ।

यस दृष्टिकोणले समानता, सम्मान, र आपसी निर्णय प्रक्रियालाई सुदृढ बनाउँदै प्रत्येक यात्राको केन्द्रमा 'रोजाइको स्वतन्त्रता'लाई राखेको छ। इनड्राइभको सिद्धान्त नै प्रयोगकर्ताहरुलाई आफ्नो यात्रामाथि अधिकार र नियन्त्रण दिनु हो।

अभियानको मुख्य भूमिकामा चर्चित कलाकार स्वस्तिमा खड्कालाई प्रस्तुत गरिएको छायसमार्फत इनड्राइभले स्वतन्त्रता, मौलिकता र सशक्तिकरणलाई प्राथमिकता दिने नेपाली युवा पुस्तासँग अझ गहिरो सम्बन्ध कायम गरेको छ। "इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा"भन्ने सन्देशले इनड्राइभको "पिपुल फर्स्ट" दृष्टिकोणलाई पुनः पुष्टि गर्छ, जहाँ निष्पक्षता र स्वतन्त्रता चाहने बलियो समुदायको निर्माणमा जोड दिइएको छ।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटीभ रीता पोखरेलले भनिन्,"हाम्रो क्याम्पेन "इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा" ले इनड्राइभको प्रमुख मूल्य मान्यताहरु "स्वतन्त्रता, समानता र समुदाय"लाई प्रतिबिम्बित गर्छ।प्रत्येक यात्रा सशक्तिकरण र पारदर्शिताबाट सुरु हुनुपर्छ, जहाँ चालक र यात्रु दुवैको समान अधिकार हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ। इनड्राइभ सधैं समुदायलाई वास्तविक रोजाइको स्वतन्त्रता दिएर सशक्त बनाउने पक्षमा रहँदै आएको छ।

यस क्याम्पेनमार्फत हामी निष्पक्ष मोबिलिटी र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धता अझ सुदृढ गर्न चाहन्छौं । नेपालका प्रत्येक चालक र यात्रुहरुले उनीहरूको रोजाइ साँच्चै महत्वपूर्ण छ भन्ने महसुस गरुन भन्ने हामी चाहन्छौं ।"

यस अभियानसँगै इनड्राइभले नेपालमा अर्बन कम्युनिटीलाई पुनः परिभाषित गर्ने लक्ष्य लिएको छ जहाँ स्वतन्त्रता, निष्पक्षता र समुदाय प्रत्येक यात्राको सार बन्नेछ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१(

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ